स्थानीय शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि ,२०८०

लम्कीचुहा नगरपालिका कैलाली

स्थानीय शिक्षण सिकाईअनुदान व्यवस्थापन कार्यविधि,२०८०

कार्यपालिकाबाट स्वीकृत मिति २०८० / ०७ /१६

प्रस्तावना :यस लम्कीचुहा नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा निशुल्क शिक्षा व्यवस्थापनको लागि तथा विद्यालयमा विद्यार्थी संख्याको अनुपात बमोजिम शिक्षकको दरबन्दी कम भएको कारण गुणस्तरीय शिक्षा प्रदान गर्न बाधा परेको अवस्थामा सबै वर्ग र समुदायका व्यक्तिहरुको सुविधालाई ध्यानमा राखी शिक्षालाई सर्वसुलभ ,व्यवस्थित ,मर्यादित एवम स्थानीय स्तरमाप् निशुल्क तथा गुणस्तरीय शिक्षा प्रदान गर्न ,सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयमा विषयगत शिक्षकको उपलब्धतामा बृद्दी गरि विद्यार्थीको सिकाई उपलब्धिमा अपेक्षित सुधार गर्ने उधेस्यले विद्यालय शिक्षा क्षेत्र कार्यक्रमले लक्षित गरे अनुसार स्थानीय शिक्षण सिकाई अनुदान वितरण तथा व्यवस्थापनलाई प्रभावकारी तथा व्यवस्थित गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (ज)ले दिएको अधिकार प्रयोग गरि लम्कीचुहा नगरपालिका नगर कार्यपालिकाले यो स्थानीय शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि,२०८० स्वीकृत गरि लागू गरेको छ ।

परिच्छेद –एक

प्रारम्भिक तथा परिभाषा

१.१ संक्षिप्त नाम र प्रारम्भ :

(क)यो कार्यविधिको नाम स्थानीय शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि,२०८० रहेको छ ।

(ख)यो कार्यविधि लम्कीचुहा नगरपालिकाको कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लम्कीचुहा नगरपालिका भर लागू हुनेछ ।

१.२ परिभाषा :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क)अभिभावक भन्नाले विद्यालयमा आफ्ना बालबालिका भर्ना गराई नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावली अनुसार पालनपोषण गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ख) शिक्षण सिकाई अनुदान भन्नाले आधारभूत तथा माध्यमिक तहमा लम्कीचुहा नगरपालिकाको स्वीकृत बजेटबाट शिक्षक अभावलाई कम गर्नका लागि वार्षिक एकमुष्ठ वा (निकासा बजेटको अवस्था अनुसार पटक पटक गरि)रुपमा विद्यालयलाई दिइने शसर्त अनुदान सम्झनु पर्छ ।

(ग)ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ ।

(घ)कर्मचारी भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट प्राप्त अनुदान वा विद्यालयले आफ्नो आवस्यकता अनुसार दरबन्दी सृजना गरि बिद्यालयमा कार्यरत लेखापाल ,चौकीदार ,स्वीपर ,आया,कार्यालय सहयोगी ,कार्यालय सहायक ,सरसफाइकर्मी लाई सम्झनु पर्छ ।

(ङ)कार्यपालिका भन्नाले लम्कीचुहा नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(च)कार्यविधि भन्नाले लम्कीचुहा नगरपालिका कैलालीको स्थानीय शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि,२०८० सम्झनु पर्छ ।

(छ)दरबन्दी भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनु पर्छ र सो शब्दले नियमित राहत अनुदान समेतलाई जनाउछ ।

(ज)नगरपालिका भन्नाले लम्कीचुहा नगरपालिका कैलालीलाई जनाउछ ।

(झ) नगर शिक्षा समिति भन्नाले लम्कीचुहा नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

(अ)प्रधानाद्यापक भन्नाले सामुदायिक विद्यालयको प्रधानाद्यापक वा प्रधानाद्यापकको कामकाज गर्न जिम्मेवारी लिएको वा जिम्मेवारी प्राप्त शिक्षकलाई सम्झनु पर्छ ।

(ट)बालविकास भन्नाले सम्बन्धित निकायबाट अनुमति वा कोटा प्राप्त गरि ४ देखि ५ बर्ष उमेर समुहका बालबालिकाहरुको शिक्षा र विकासका लागि संचालन भएको कक्षा सम्झनु पर्छ ।

(ठ)बालविकास शिक्षक भन्नाले बालविकास केन्द्र वा कक्षामा नियमित अनुदान पाउने गरि नियमानुसार नियुक्ति लिई कार्यरत शिक्षक वा बालविकास सहजकर्तालाई सम्झनु पर्छ ।

(ड) माध्यमिक तह भन्नाले विद्यालयको कक्षा ९-१२ (कक्षा ९-१०मात्र संचालित विद्यालय समेत) सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्छ । आधारभूत तह भन्नाले विद्यालयको प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्म संचालित विद्यालय सम्झनुपर्दछ र सो शब्दले प्रारम्भिक बालबिकास देखि कक्षा ३ र प्रारम्भिक बालविकास देखि कक्षा ५ समेतलाई जनाउछ ।

(ढ)व्यवस्थापन समिति भन्नाले विद्यालयको संचालन रेखदेख र व्यवस्थापन गर्न नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ण)शिक्षक भन्नाले विद्यालयमा पठनपाठन गराउने अध्यापक सम्झनु पर्छ एवम सो शब्दले शिक्षक ,प्रधानाध्यापक ,बालविकास सहजकर्ता,राहत अनुदान ,पालिका अनुदान समेतलाई जनाउछ ।

(त)सम्बन्धित निकाय भन्नाले नगरपालिका ,शिक्षा तथा मानव श्रोत विकास केन्द्र ,शिक्षा विकास निर्देसनालय ,शिक्षा विकास तथा समन्वय एकाई ,शिक्षा विज्ञान तथा प्रबिधि मन्त्रालयलाई सम्झनु पर्छ ।

(थ)स्थानान्तरण भन्नाले नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक (स्थायी,करार,नगर अनुदान ,बालविकास ,शिक्षण सहयोग अनुदानमा कार्यरत) तथा कर्मचारीहरुलाई दरबन्दी मिलान तथा व्यवस्थापनका क्रममा कार्यरत विद्यालयबाट नगरपालिका भित्रको अन्य विद्यालयमा दरबन्दी सहित कामकाज गर्न खटाइएको सम्झनु पर्छ ।

(द)सामुदायिक विद्यालय भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिको नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरि अनुमति वा स्वीकृति प्राप्त विद्यालय (अनुमति प्राप्त धार्मिक प्रकृतिका विद्यालय समेत) सम्झनुपर्छ ।

(ध)अन्य शब्द ,नामावली र पदको अर्थ प्रचलित ऐन,कानुन र नियमानुसार रहेको सम्झनु पर्छ ।

परिच्छेद –दुई

उधेस्य ,अपेक्षा र बजेट सिमा

२ .१ उधेस्य :

विद्यालयलाई प्रदान गरिने स्थानीय शिक्षण सिकाई अनुदानलाई व्यवस्थित गर्न तथा विद्यालयले विद्यालय सुधार योजना र विद्यालयको गुरु योजना बनाइ कार्यान्वयन गर्ने क्रममा विद्यालय संचालन ,व्यवस्थापन र सहयोग गर्न मार्गदर्शन हुनेछ यो कार्यविधि जारि गर्नुका उधेस्यहरु देहाय बमोजिम हुनेछन :

(क)विद्यालयलाई उपलब्ध गराउने शिक्षण सहयोग अनुदानको वितरणको आधार तथा व्यवस्थापनका लागि मार्गदर्शन गर्नु ,

(ख)निशुल्क तथा गुणस्तरीय शिक्षामा बालबालिकाको प्रभावकारी र सहज पहुचको आधार तयार गर्नु ,

(ग)विद्यालयस्तरीय सूचकका आधारमा अनुदानलाई समाज र विद्यालयको प्रगति संग आवद्द गराउनु ,

(घ)लम्कीचुहा नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयलाई प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म क्रमस साधन स्रोतको व्यवस्थापन गर्दै योजनाबद्द रुपमा नेपालको संबिधान २०७२ मा उल्लेख भए झैं पूर्ण निशुल्क शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्नु ।

२ .२ अपेक्षा :

लम्कीचुहा नगरपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयमा गुणस्तर सुनिस्चितता गर्नु तथा विद्यालयमा शिक्षक विद्यार्थी अनुपातका आधारमा क्रमस साधन स्रोतको व्यवस्थापन गर्दै माध्यमिक तह सम्म स्थानीय शिक्षण सिकाई अनुदान प्रदान गर्दै स्वयंसेवक शिक्षकको व्यवस्थापन गर्नु ।

२ .३ बजेट र सिमा :

लम्कीचुहा नगरपालिकाको नगर सभाबाट स्वीकृत बजेटको सिमा नै बजेटको सिमा हो ।

परिच्छेद –तिन

विद्यालय छनौट तथा अनुदान वितरणका आधार :

३.१ विद्यालय छनौटका आधारहरु :शिक्षण सिकाई अनुदान वितरणका लागि विद्यालय छनौटका आधारहरु देहाय बमोजिम हुनेछन :

(क)शिक्षा नियमावली २०५९ (संसोधन सहित)ले तोके अनुसारको शिक्षक दरबन्दी नभएको हुनुपर्ने ,

(ख)शिक्षा ऐन २०२८ र नियमावली २०५९ (संसोधन सहित) न्युनतम विद्यार्थी सख्या ,र यस अघि एकमुष्ट शिक्षण अनुदान कार्यान्वयन कार्यविधि ,२०७७ अनुसार प्राथमिक तह कक्षा १-५ र कक्षा ६-८ का लागि प्रदान गरियका एकमुस्ट अनुदान नगरपालिकामा पुल मा राखी नगर शिक्षा समितिको बैठकको निर्णयानुसार पुन मुल्यांकन गर्ने ,

(ग)अघिल्लो शैक्षिक सत्रमा विद्यार्थीको तहगत सिकाई उपलब्धि /विषयगत सिकाई उपलब्धि ६० %हुनुपर्ने ,

(घ)विद्यालयले नियमित नियमानुसार समयमै सामाजिक परिक्षण गरेको हुनुपर्ने ,

(ङ)नियमानुसार समयमै विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन भएको हुनुपर्ने ,

(च)विद्यालयले अघिल्लो आर्थिक वर्षको लेखा परिक्षण गरेको हुनुपर्ने ,

(छ)विद्यालयले नियमित विद्यालय सुधार योजना निर्माण र अध्यावधिक गरि व्यवहारमा लागु गरेको हुनुपर्ने ,

(ज)विद्यालयले नियमित रुपमा तोकीएको समय भित्र एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली अध्यावधिक गरेको हुनुपर्ने ,

(झ)विद्यालयले शिक्षक तथा विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिता निर्माण गरि व्यवहारमा लागु गरेको हुनुपर्ने ,

(ञ)विद्यालयले यस अघि पालिकाले आधारभुत तहको निशुल्क गर्ने अवधारणा लागु गरेको हुनुपर्नेछ ,पालिकाको नीति ,नियम ,पत्रको पालना र तोकीएको नया पाठ्यक्रम अनुसारको मुल्यांकन ढाचा प्रयोग गरेको हुनु पर्नेछ ,

(ट)कुनै विद्यालयको विशेस आवस्यकतालाई सम्बोधन गर्नुपर्ने भएमा नगर शिक्षा समितिले निर्णय गरि अनुदान दिन सक्नेछ ,

(ठ)विद्यालयमा निजि स्रोतमा कार्यरत शिक्षक संख्या र शिक्षकको विषयको योग्यता सम्बन्धि विवरण ।

३.२ विद्यालय छनौट प्रक्रिया :

(क)नगर शिक्षा समितिले स्वीकृत बजेटको परिधि भित्र रही आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरु मध्येबाट दफा ३ को आधारमा विद्यालयको सुची तयार गर्नु पर्नेछ ।

(ख)उपदफा (क)अनुसारको सूची तयार गर्दा शिक्षक संख्या नपुग भएका ,शिक्षक विद्यार्थी अनुपात र भौगोलिक अवस्था ,बिगतका पालिकाको सम्झौता लगायतका प्राथमिकताक्रम तोकी तयार गर्नु पर्ने हुन्छ ।

(ग)नगर शिक्षा समितिले शिक्षण सिकाई अनुदानको संख्या (कोटा)उपदफा (ख)बमोजिम तयार भएको प्राथमिकता सूचिको आधारमा विद्यालय छनौट गर्नु पर्दछ ।

(घ)एकै पटक पालिकाका सबै सामुदायिक विद्यालयमा स्थानीय शिक्षण सिकाई अनुदान वितरण गर्न आवस्यक शिक्षकको संख्या निर्धारण गर्ने र सो संख्या निर्धारण पश्चात स्वीकृत बजेटको परिधि भित्र रही शिक्षण सिकाई अनुदान कोटा वितरण गर्ने । एकै पटक सबै विद्यालयलाई वितरण गर्न नसकिने अवस्था भएमा सकभर पालिकाको प्रत्येक वडा ,जनसंख्या ,भूगोल ,विद्यालयको अवस्था ,बि.व्य.स.को निर्णय ,आवस्यक माग गरिएका कागजात र पालिकाको मुल्यांकन हेरेर नगर शिक्षा समितिले पुरानो वितरण गरिएका प्रा.बि र नि.मा.बि .नगर एकमुस्ट अनुदान समेत आवस्यक हेरफेर गर्नुभए शिक्षक विद्यार्थी अनुपातलाइ मुख्य आधार मानी माध्यमिक तहको शिक्षण सिकाइ अनुदान वितरण गरि विद्यालयहरुमा पूर्णरुपमा मासिक शुल्क निशुल्क गरि अध्ययन (माध्यमिक तह पहिलो चरण कक्षा १० र क्रमस १२ सम्म निशुल्क) गराउने शर्तमा अनुदान प्रदान गर्ने विद्यालय नगर शिक्षा समितिले छनोट गर्नेछ ।

(ङ)विद्यालयलाई आवस्यक शिक्षण सिकाइ अनुदानको माग विवरण (विषयगत)बि.व्य.स. को निर्णय पछी परिवर्तन नहुने गरि

३.३ स्थानीय शिक्षण सिकाई अनुदान उपलब्ध गराउने :

(क)स्वीकृत बजेटको परिधि भित्र रही (शुन्य दरबन्दी भएका एकमुष्ठ अनुदान प्राप्त विद्यालय समेत)विद्यालयमा शिक्षण सिकाई अनुदान उपलब्ध गराइनेछ ।

(ख)उपदफा (क)मा जुनसुकै कुरा लेखिएको भएतापनि दरबन्दी मिलान तथा वितरण कार्यबाट शिक्षा नियमावली २०५९ (संसोधन सहित)तोकीएको संख्यामा शिक्षक दरबन्दी पूर्ति भएको विद्यालयमा शिक्षण सिकाई अनुदान उपलब्ध गराइने छैन । तर नियमावलीमा तोकीएको संख्या भन्दा कम शिक्षक दरबन्दी भए बाकी शिक्षण सहयोग अनुदान उपलब्ध गराउन बाधा पुग्ने छैन ।

(ग)स्थानीय शिक्षण सहयोग अनुदान एक पटक प्राप्त गरेका विद्यालयले आर्थिक बर्ष समाप्त भए पश्चात नियुक्त शिक्षक /स्वयमसेवक शिक्षकको नियुक्ति नया आर्थिक वर्षमा शिक्षा युवा तथा खेलकुद शाखाको सुचना पश्चात नवीकरण वा म्याद थप बढीमा १ आर्थिक वर्षका लागि गरि सो को जानकारी शिक्षा शाखालाई निर्धारित समयमै गराउनु पर्नेछ ।

(घ)संघीय ससर्त अनुदान प्राप्त विद्यालयलाइ समेत नगर शिक्षण सहयोग अनुदान उपलब्ध गराइनेछ ।

(ङ)संघीय सरकार ,प्रदेश सरकार वा अन्य निकायबाट दरबन्दी प्राप्त भएमा स्थानीय शिक्षण सिकाइ अनुदान प्रा.बि.,नि.मा.बि.,मा.बि.तह जुनसुकै तह र विषयको अनुदान नगर शिक्षा समितिले कटौती गर्नेछ ।

परिच्छेद –चार

कार्यक्रम कार्यन्वयन प्रक्रिया

४ :कार्यक्रम कार्यान्वयन प्रक्रिया :

विद्यालयले शिक्षण सिकाई अनुदान प्राप्त गर्दा र सो अनुदान प्राप्त पश्चात सो अनुदान रकमको कार्यान्वयन तपशिल अनुसार गर्नुपर्नेछ :

(क)विद्यालयले स्थानीय शिक्षण सिकाइ अनुदानबाट प्राप्त रकमबाट विद्यालयले स्वयमसेवक शिक्षकको व्यवस्था गर्नुपर्नेछ ।

(ख)विद्यालयले आवस्यकता अनुसारको तह र विषयको विद्यालय व्यवस्थापन समितिको निर्णयबाट माग भइ आएको तह र विषय मनासिब देखिएमा सो अनुसार विद्यालयगत अनुदान कोटा निश्चित गरि (शिक्षा समिति बाट)माध्यमिक तहको हकमा पहिलो पटक स्थानीय शिक्षण सिकाइ अनुदानमा स्वयमसेवक शिक्षकको रुपमा सेवा गर्न इच्छुक व्यक्तिहरुलाई शिक्षक सेवा आयोगको परीक्षा प्रणाली अनुसार परीक्षा लिई करारमा स्वयमसेवक पारिश्रमिक सुबिधाको व्यवस्था सहित नियुक्ति गर्नु पर्नेछ ।

(ग)यस पुर्व विद्यालयको आन्तरिक श्रोतबाट नियुक्त शिक्षकलाई यो सुबिधाबाट पारिश्रमिक दिनुपर्ने भएमा शिक्षक सेवा आयोगको पाठ्यक्रम अनुसार /नगर शिक्षा समितिको निर्णय अनुसार छनौट प्रक्रिया पुरा गरि उक्त सुबिधा पाउने गरि नियुक्त गर्न सकिनेछ ,तर हाल माध्यमिक विद्यालयमा कार्यरत निजि स्रोत शिक्षकको हकमा नियुक्ति नगर शिक्षा समितिले निर्णय बमोजिम हुनेछ ।

(घ)शिक्षण सिकाइ अनुदानमा नियुक्त शिक्षकको विवरण नियुक्ति भएको ३० दिनभित्र शिक्षा शाखामा बुझाउनु पर्नेछ ।

(ङ)विद्यालयले वर्ष भरिमा यो अनुदानबाट पालिकाबाट खर्च भएको रकम लगायतको सम्पूर्ण अभिलेख दुरुस्त राख्नु तथा सामाजिक तथा अन्तिम लेखा परिक्षण गराउनु पर्नेछ ,साथै खर्चको पारदर्शिताको विषयमा प्रधानाद्यापक जिम्मेवार हुनेछ ।

परिच्छेद –पाच

शिक्षक नियुक्ति र सेवा शर्त सम्बन्धि व्यवस्था

५.१ शिक्षक भर्ना सम्बन्धि व्यवस्था :

विद्यालयले उपलब्ध शिक्षण सिकाइ अनुदानमा शिक्षण सेवा करारमा लिदा देहाय अनुसार गर्नु पर्नेछ :

(क)शिक्षण सिकाई अनुदान /निजिश्रोत शिक्षक अनुदानको लागि नगरपालिकाले छुट्याएको रकमलाई तह ,अनुदान कोटा संख्या ,विद्यालयहरुको छनौट र रकम समेतको निर्धारण नगर शिक्षा समितिको बैठकबाट गरिनेछ ।

(ख)सम्बन्धित तहका विषयगत शिक्षक दोहोरो नपर्ने गरि प्रचलित ऐन तथा नियमावलीमा उल्लेख भए अनुसारको विधि तथा प्रकृयाको आधारमा गर्नुपर्छ । हाल माध्यमिक विद्यालयमा कार्यरत (कक्षा ९-१०) निजि स्रोत शिक्षकको हकमा नियुक्ति नगर शिक्षा समितिले निर्णय बमोजिम हुनेछ ।

(ग)छनौट भएका शिक्षकलाई विद्यालयले अनुसूची ३ बमोजिमको ढाचामा बढीमा एक शैक्षिक सत्र/एक आर्थिक वर्ष का लागि करार संझौता गर्न सकिनेछ ।

(घ)विद्यालयमा आगामी शैक्षिक वर्षका लागि स्थानीय शिक्षण अनुदान सिकाइ अनुदान प्राप्त हुने सुनिस्चितता भएको अवस्थामा मात्र विद्यालय व्यवस्थापन समितिले अनुसूची ५ बमोजिमको सिक्षण कार्य सम्पादन मुल्यांकनका आधारमा यसै कार्यविधि बमोजिम शिक्षण सेवा करारमा लिईएको शिक्षकलाई प्राथमिकता दिई कार्य सम्पादनमा ७० %अंक प्राप्त गर्ने शिक्षकलाई पुन शिक्षण सेवा करार गर्न सक्नेछ ।

५.२ शिक्षकको शैक्षिक योग्यता :

(क)दरखास्त दिने उम्मेदवारको शैक्षिक योग्यता सम्बन्धित तहका लागि शिक्षा ऐन ,२०२८ शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ (संसोधन सहित)मा तोकीए बमोजिम हुनेछ ।

तर निम्न माध्यमिक ,माध्यमिक तहमा अंग्रेजी ,गणित,बिज्ञान विषयको हकमा सम्बन्धित तहको अध्यापन अनुमति पत्र पत्र र तालिम प्राप्त गरेको व्यक्ति दरखास्त नदिएको खण्डमा (२ पटक सम्म अनुमति पत्र सहितको विज्ञापन गर्दा)अध्यापन अनुमति पत्र र तालिम प्राप्त नगरेको तर शैक्षिक योग्यता पुगेको व्यक्ति पनि तेस्रो पटकको विज्ञापनमा उम्मेदवार हुन सक्नेछन । यस अघि नगर अनुदानमा (एकमुस्ट शिक्षण अनुदान कार्यन्वयन कार्यविधि २०७७ अनुसार)कार्यरत शिक्षकको हकमा पहिलो पटकको विज्ञापनमा उम्मेदवार हुन उमेरको हद लाग्ने छैन ,तर यस अघि प्राथमिक र निम्न माध्यमिक तहमा कार्यरत अध्यापन अनुमति पत्र प्राप्त नगरेका शिक्षकको हकमा (अंग्रेजी ,गणित ,बिज्ञान ,कम्प्युटर र प्रबिधि संग सम्बन्धित शिक्षकको हकमा बाहेक)आर्थिक बर्ष २०८०/०८१ सम्म अध्यापन अनुमति पत्र लगायतका शैक्षिक योग्यताका प्रमाण पत्र विद्यालय र शिक्षा शाखामा अनिवार्य पेश गर्नुपर्नेछ ,उल्लेखित बिषय बाहेक आफ्नो अध्यापन अनुमति पत्र पेश नगर्ने शिक्षकको आर्थिक वर्ष २०८०/०८१ पश्चात करार अवधि थप गरिने छैन ।उक्त प्रमाण पत्र पेश गर्नका लागि हाल अध्यापन अनुमति पत्रको विज्ञापन पनि भइ सकेको सन्दर्भमा सो बिचको अवधि अवसरको रुपमा सम्बन्धितलाइ प्रदान गरिनेछ । उल्लेखोत विषय बाहेक अध्यापन अनुमति पेश गर्न नसकेमा स्वत अवकास भएको मानि विद्यालय व्यवस्थापन समितिले पदपूर्तिको प्रक्रिया अगाडी बढाउनु पर्नेछ ।

५.३ शिक्षकहरुको पदपूर्ति सम्बन्धमा :

(क)नगरपालिकाबाट स्थानीय शिक्षण सिकाइ अनुदानको रकम /अनुदान कोटा र विद्यालय छनौट गर्दा विद्यालय व्यवस्थापन समितिले आफुलाई प्राप्त स्थानीय शिक्षण सिकाइ अनुदान रकम /कोटामा विषय छनौट गरि शिक्षा शाखामा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विज्ञापनको निर्णयका लागि लेखि पठाउनेछ ,र नगरपालिकाको सुचना बमिजिम यसरी प्राप्त विद्यालयले माग गरेको विषय र स्वीकृत अनुदान रकमको परिधि भित्र रही नगर शिक्षा समितिको बैठकमा विषयगत शिक्षक पदको खुला प्रतियोगिताबाट पदपूर्ति प्रक्रिया संचालन गरिनेछ ।

(ख)विद्यालयलाइ आवस्यक पर्ने शिक्षकको पद संख्या ,आवस्यक योग्यता ,उमेर ,परीक्षा हुने मिति ,किसिम ,स्थान ,सहितको विवरण खुलाई अवस्था हेरी कम्तिमा १५ दिनको म्याद राखी नगरपालिकाले विज्ञापन प्रकासित गर्नेछ । उक्त विज्ञापन नगरपालिकाको सूचनापाटी तथा नगरपालिकाको वेभ साइट ,वा शिक्षा युवा तथा खेलकुद शाखामा टास गर्नुपर्नेछ । तर विध्यलायागत अनुदान कोटालाइ एकत्रित गरि सबै अनुदान कोटाको एकै चोटी पदपूर्ति हुनेगरी तहगत रुपमा नगरपालिकाबाट/सम्बन्धित विद्यालयबाट नगर शिक्षा समितिको निर्णयानुसार एक वा दुवै स्थानबाट विज्ञापनको सुचना निकाल्न यस दफाले बाधा पर्ने छैन ।

(ग)प्रकाशित विज्ञापन अनुसार दरखास्त उपर छानबिन गरि योग्यता पुगेका व्यक्तिलाई (दफा ५.२(क),दफा ५.३(क),(ख)मात्र परिक्षामा सामेल गराई पदपूर्तिको प्रक्रिया अगाडी बढाइनेछ ।

(घ)विद्यालयमा हाल आर्थिक वर्ष २०८०/०८१ मा कोटा (पुरानो समेत) वितरण तथा पुनवितरण गरिने स्थानीय शिक्षण सिकाइ अनुदानबाट शिक्षकको पदपूर्ति गर्नका लागि सुरुमा बढी संख्यामा पदपूर्ति गर्ने भएकोले देहाय बमोजिम शिक्षक छनौट समिति रहनेछ :

१ पालिकाको प्रमुख प्रशासकीय अधिकृत	संयोजक
२ नगर प्रमुखले तोकेको सम्बन्धित विषयको विशेषज्ञ २ जना	सदस्य
३ नगरपालिका शिक्षा क्षाखा प्रमुखले तोकेको कर्मचारी १ जना	सदस्य

४ नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख सदस्य सचिव

उल्लेखित समितिमा अन्तरवार्ताको समय बाहेक अन्य बैठकमा सम्बन्धित क्षेत्रको २ जना सम्मलाइ संयोजकको अनुमतिमा आवस्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(घ)दफा ५.३ (घ)शिक्षक छनौट समितिमा तोकीएका /मनोनित सदस्यको पदावधि शिक्षक छनौट प्रक्रिया पुरा गरि विद्यालय समक्ष शिक्षक नियुक्तिको सिफारिस नगरे सम्म हुनेछ ।

(ङ)दफा ५.३ (ग) को प्रयोजनका लागि शिक्षा शाखाले विषय बिज्ञको सुची अध्यावधिक (शिक्षा विकास तथा समन्वय इकाई कैलाली वा इकाईमा सुचिकृत नभएकाको हकमा आफ्नो पालिकाको लागि १ हप्ताको सुचना जारि गरि थप बिज्ञ सुचिकृत गरि)राख्नु पर्नेछ ।

(च)नगरपालिकाको शिक्षा शाखाले प्रत्येक २ वर्षको चैत्र मसान्त भित्र विषय बिज्ञको सुची अध्यावधिक गर्नेछ र शिक्षा विकास तथा समन्वय इकाई कैलालीको सुचीलाइ समेत प्रयोग गर्न सकिनेछ । माध्यमिक तहको बिज्ञलाइ आधारभूत तहको बिज्ञको रुपमा पनि प्रयोग गर्न सकिनेछ ।

(छ)विषय बिज्ञमा सुचिकृत हुनका लागि इच्छुक शिक्षक तथा श्रोत व्यक्तिबाट शैक्षिक योग्यताका प्रतिलिपि ,तालिम तथा अध्यापन अनुमति पत्रको प्रतिलिपि ,स्थायी नियुक्तिको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(ज)विषय बिज्ञद्वारा निर्मित प्रश्नपत्रलाई नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखले आवस्यकता अनुसार सम्बन्धित विषयको बिज्ञ समेत समाबेस गरि ,मोडरेसन गरि प्रश्नलाई अन्तिम रुप दिई सिलबन्दी गरेर प्रस्नबैकमा राख्नेछ ।

(झ)शिक्षक छनौट समितिको सचिवालय नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा र आवस्यक पर्दा शिक्षा समितिको निर्णय अनुसार सम्बन्धित विद्यालय पनि हुन सक्नेछ ।

(अ)शिक्षक छनौट समितिको बैठक सम्बन्धि र यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा शिक्षक छनौट समिति आफै र नगर शिक्षा समितिको बैठकले निर्णय गरे बमोजिम हुनेछ ।

५.४ शिक्षकको सेवा शर्त सुबिधा :

यस कार्यविधि अनुसार नियुक्त शिक्षक र यस भन्दा अघि एकमुस्ट शिक्षण अनुदान कार्यान्वयन कार्यविधि २०७७ अनुसार (नगर अनुदान)शिक्षण सिकाइ अनुदान कोटामा छनौट र कार्यरत शिक्षकले देहाय अनुसार सुबिधा पाउनेछन :

(क)आधारभूत तह (कक्षा १-५ र कक्षा ६-८)मा कार्यरत शिक्षकहरुले नगर कार्यपालिका वा नगर सभाबाट स्वीकृत बजेट अनुसार सुत्रमा उल्लेख गरिए अनुसार मासिक हिसाबले तोकिए बमोजिमको र (सम्झौता बमोजिम) बर्षमा १ महिनाको चाडपर्व खर्च सहितपारिश्रमिक सुबिधा ।

(ख)माध्यमिक तह (कक्षा ९-१० र कक्षा ११-१२)मा कार्यरत शिक्षकहरुले नगर कार्यपालिका वा नगर सभाबाट स्वीकृत बजेट अनुसार सुत्रमा उल्लेख गरिए अनुसार मासिक हिसाबले तोकिए बमोजिमको र (सम्झौता बमोजिम) बर्षमा १ महिनाको चाडपर्व खर्च सहितपारिश्रमिक सुबिधा ।

(ग)यस कार्यविधि बमोजिम करार सेवा दिने शिक्षकले सार्वजनिक बिदा ,सामुदायिक विद्यालयमा हुने हिउदे र बर्षे बिदा ,भैपरी बिदा,पर्व बिदा,बिरामी बिदा ,प्रसुती बिदा ,प्रसुती स्याहार बिदा ,किरिया बिदा मात्र पाउनेछ । बिदा अधिकार नभइ सहुलियत मात्र हुनेछ ।

(घ) यस कार्यविधि अनुसार नियुक्त शिक्षक र यस भन्दा अघि एकमुस्ट शिक्षण अनुदान कार्यान्वयन कार्यविधि २०७७ अनुसार (नगर अनुदान)शिक्षण सिकाइ अनुदान कोटामा छनौट र कार्यरत शिक्षकले सेवा करार र यस कार्यविधिमा उल्लेखित भन्दा थप सुबिधा दाबि गर्न पाउने छैन तर विद्यालय संग आवस्यक श्रोत र थप कार्य गराए बापत विद्याल व्यवस्थापन समितिले औचित्य पुष्टी गरि पारिश्रमिक सुबिधा थप गर्न बाधा पर्ने छैन ।

५.५ करार सम्झौता रद्द हुने :

देहायको अवस्था भएमा विद्यालयले जुनसुकै बखत सम्बन्धित शिक्षकको करार सम्झौता रद्द गर्न सक्नेछ ;

५.५.१.(क)बिना सूचना लगातार १५ दिन भन्दा बढी विद्यालयमा अनुपस्थित भएमा ,

(ख करार सम्झौतामा उल्लेख गरिएका शर्तहरु पालना नगरेमा ,

(ग)विद्यालयले तोकेका अन्य कार्य सन्तोषजनक रुपले नगरेमा ,

(घ)आचारसंहिताको पालना नगरेमा ।

५.५.२ उपदफा ५.५.१ बमोजिम करार सम्झौता रद्द गर्दा शिक्षकलाई प्रचलित कानुन अनुसार मनासिब सफाइको मौका नदिइ सेवाबाट हटाइने छैन ।

५.६ परीक्षा संचालन ,अन्तरवार्ता र योग्यताक्रम सम्बन्धि व्यवस्था :

(क) विषयगत बिज्ञापन भएतापनि विषयगत र विद्यालयगत प्रतिसपर्धा हुने गरि तहगत रुपमा सबै विषयको उम्मेदवारको परीक्षा एकैपटक गर्न सकिनेछ ।

(ख)शिक्षक छनौट समितिले लिने परीक्षा शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम हुनेछ ।

(ग)लिखित परीक्षाका लागि आवस्यक प्रश्नपत्र नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको जिम्मामा कार्यालयमा रहेको प्रश्नपत्र बैकबाट शिक्षक छनौट समितिका संयोजकले परीक्षा संचालन हुनुभन्दा बढीमा १ घण्टा अगाडी कम्तिमा ३ सेट प्रश्नपत्र मध्येबाट एउटा सिलबन्दी खाम छनौट गर्नेछन । जुन प्रश्नपत्र सेट विषय बिज्ञले तयार निर्माण गरि ,शिक्षा साखा प्रमुखले मोडरेसन गरेको र लाहाछाप सहित सिलबन्दी हुनेछ ।

(घ)दफा ५.६ (ग)अनुसारको प्रश्नपत्र शिक्षक छनौट समितिको रोहबरमा सिलबन्दी खोलि शिक्षा शाखा प्रमुख वा निजले तोकेको परीक्षा समितिको सदस्यले गोप्य रुपमा फोटोकपी गरि परीक्षा संचालन गरिनेछ ।

(ङ) नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको अधिकृतको रोहबरमा सम्बन्धित परीक्षा केन्द्र वा नगरपालिका हाता भित्र सम्बन्धित विषय बिज्ञ वा रोस्टरमा सुचिकृत विषय बिज्ञद्वारा उत्तरपुस्तिका परिक्षण गराइनेछ ।

(च)उत्तरपुस्तिका कोडीङ ,डिकोडीङ गर्ने कार्य नगरपालिकाको शिक्षा शाखा प्रमुख वा निजले तोकेको व्यक्तिले गर्नेछन ।

(छ)छनौट प्रक्रिया संग सम्बन्धि छनौट समितिका निर्णयहरु निर्णय पुस्तिकामा लेखिएको हुनुपर्दछ ।

(ज)परीक्षा संचालनका सम्बन्धमा कुनै विषय बिज्ञले अमर्यादित कार्य गरेमा ,झुठा विवरण पेश गरेमा ,उम्मेदवारका बीच निस्पक्ष व्यवहार नगरेमा निजलाई बिज्ञको सूचीबाट हटाउन सकिनेछ ।

(झ) परीक्षा संचालनका सम्बन्धमा कुनै परीक्षार्थीले अमर्यादित कार्य गरेमा ,झुठा विवरण पेश गरेमा ,उम्मेदवारलाई वा आफुलाई चिनाउने कुनै संकेत उत्तरपुस्तिकामा राखेमा वा लेखेमा ,उत्तरपुस्तिकामा परीक्षकलाई प्रभावित गर्ने संकेत गरेमा ,चिटिङ गरेमा

,मोबाइल वा कुनै डिजिटल उपकरण परीक्षालाई नकारात्मक प्रभाव पार्ने ,अडियो भिडियो गरेमा वा गर्ने कोसिस गरेमा निजलाई छनौट परीक्षा र उम्मेदवारको सुचीबाट हटाउन सकिनेछ ।

(अ)परीक्षा संचालनको खर्च व्यवस्था समबन्धमा :परीक्षा समितिका पदादिकारी वा विषय बिज्ञले (आमन्त्रित समेत)प्रति बैठक तह अनुसार रु १,५ ००/भन्दा बढी पारिश्रमिक भत्ता लिन पाउने छैनन् । साथै एउटा विज्ञापनको शिक्षक सिफारिस गर्न ४ बैठक भन्दा बढी बैठक भत्ता पाइने छैन । तर केन्द्राध्यक्षको पारिश्रमिक (प्रति सिफ्ट रु १२००),प्रश्नपत्र निर्माण(प्रति प्रश्न सेट रु १२००),मोडरेसन (प्रति प्रश्नपत्र रु १०००),उत्तरपुस्तिका परिक्षण (प्रति उत्तरपुस्तिका रु ५०) ,उत्तरपुस्तिका सम्परीक्षण (प्रति उत्तरपुस्तिका रु ३०),निरीक्षक(प्रति सिफ्ट रु १०००)र बाहिरबाट बिज्ञ ल्याउनुपर्दा नियमानुसारको भ्रमण खर्च ,परीक्षा समितिको खाना ,खाजा खर्च र परीक्षा संचालनका क्रममा आवस्यक मसलन्द सामग्री खरिद गर्दा हुने हुने खर्च व्यवस्थापन नगरपालिका /सम्बन्धित विद्यालयबाट व्यहोरिनेछ ।

(ट)उम्मेदवारले नगर शिक्षा समितिले तोकेको फारम शुल्क नगरपालिकाको राजस्व शाखा (सबै परीक्षा नगरपालिकाको समितिले लिने अवस्थामा)र छुटफुट भइ थोरै संख्यामा बिज्ञापन भइ विद्यालयले आफ्नो स्रोतबाट वा पालिकाको शिक्षा शाखाको अनुमति लिई परीक्षाको प्रक्रिया विद्यालयबाटै पुरा गर्नुपर्ने अवस्थामा सम्बन्धित विद्यालयमा राजस्व बुझाउनु पर्नेछ ।

(ठ)परीक्षासम्बन्धि शुल्क (राजस्व)बाट जम्मा भएको रकमले शिक्षक छनौट परीक्षा संचालनका लागि नम्स अनुसारको रकम नपुग भएमा नगरपालिकाले स्थानीय शिक्षण सिकाई अनुदानमा बिनियोजन गरेको बजेटबाट खर्च गर्न सक्नेछ ।

(ड)शिक्षक छनौट परीक्षा संचालन र व्यवस्थापकीय कार्यका सम्बन्धमा नगर शिक्षा समितिले अनुगमन गरि छनौट समितिलाई आवस्यक सुझाव दिन सक्नेछ ।

५.७ नियुक्ति सम्बन्धमा :यस कार्यविधि बमोजिम स्थानीय शिक्षण सिकाई अनुदानबाट शिक्षकहरुको नियुक्ति निम्न प्रक्रियाबाट गरिनेछ :

(क)शिक्षक छनौट समितिको सिफारिसमा छनोट सफल उम्मेद्वारलाई एक पटकमा एक आर्थिक वर्षका लागि लागि करारको रुपमा विद्यालय तोकी शिक्षा शाखाले विद्यालय तोकी सम्बन्धित विद्यालयलाई पत्राचार गर्नेछ । र सो सिफारिस प्राप्त भएमा विद्यालय व्यवस्थापन समितिले नियुक्ति गर्नेछ ।

(ख)नगरपालिकाले स्थानीय शिक्षण सिकाई अनुदानलाई निरन्तरता दिएको सुनिस्चितता भएको खण्डमा अर्को आर्थिक वर्षको लागि नियुक्तिको म्याद थप विद्यालय व्यवस्थापन समितिले निर्णय गरि गर्न सकिनेछ । तर एक पटकमा एक आर्थिक वर्ष भन्दा बढी समयका लागि म्याद थप गर्न सकिने छैन ।

(ग)सफल उम्मेदवारको नतिजा प्रकाशन भइ नियुक्तिको लागि सुचना प्रकाशन भयर विद्यालयलाइ पत्राचार सहित सिफारिस गरिएको ३० दिन भित्र सम्बन्धित छनौट सफल सिफारिस भएको व्यक्तिले नियुक्ति लिई सक्नुपर्नेछ । अन्यथा सफल सिफारिस व्यक्तिले नियुक्तिका लागि सम्पर्क नगरेको व्यहोरा सहित विद्यालयले शिक्षा शाखालाई पत्राचार गर्नुपर्नेछ र शिक्षा शाखामा पत्र प्राप्त पश्चात वैकल्पिक उम्मेदवारलाई शिक्षा शाखाको सिफारिसमा विद्यालय व्यवस्थापन समितिले निर्णय गरि नियुक्ति गर्नेछ ।

(घ)सफल भएका शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर नगराएको खण्डमा त्यस्ता विद्यालयको स्थानीय शिक्षण सिकाइ अनुदान कोटा आवस्यकताको आधारमा नगर शिक्षा समितिको निर्णयानुसार अन्य विद्यालयलाई प्रदान गरिनेछ ।

(ङ)स्थानीय शिक्षण सिकाइ अनुदानमा नियुक्त शिक्षकको परिक्षणकाल अवधि ६ महिनाको हुनेछ ।

परिच्छेद –छ

विभिन्न निकायको भूमिका :

६ नगर शिक्षा समितिको भूमिका : स्थानीय शिक्षण सिकाइ अनुदानका लागि विद्यालय छनौट तथा अनुदान(कोटा) वितरणमा नगर शिक्षा समितिको प्रमुख भूमिका देहाय बमोजिम हुनेछ :

(क)शिक्षण सिकाइ अनुदान कोटाका लागि बिनियिजित बजेटको परिधि भित्र रही तहगत अनुदान कोटा निर्धारण गर्ने ।

(ख)दफा ३.२ अनुसार विद्यालयहरुको प्राथमिकताक्रमको सुची बमोजिम एकै पटक वा पटक पटक गरि अनुदान वितरण गर्ने विद्यालय छनौट गर्ने ।

७ शिक्षा युवा तथा खेलकुद शाखा : स्थानीय शिक्षण सिकाइ अनुदानका लागि विद्यालय छनौट तथा अनुदान(कोटा)वितरणमा शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख भूमिका देहाय बमोजिम हुनेछ :

(क)तोकीएको आधार बमोजिम शिक्षण सिकाई अनुदान प्राप्त गर्ने विद्यालयको विवरण नगर शिक्षा समितिमा छनौटका लागि पेश गर्ने ।

(ख)शिक्षण सिकाइ अनुदान कोटामा शिक्षक भर्ना गर्नका लागि विद्यालयलाई पत्राचार गर्ने र आवस्यक सहयोग उपलब्ध गराउने ।

(ग)विद्यालयलाई शिक्षण सिकाइ अनुदान कोटामा शिक्षक भर्नाका लागि प्राबिधिक सहयोग उपलब्ध गराउने ।

(घ)छनौटमा परेका विद्यालयलाई शिक्षण सिकाई अनुदान कोटा अनुसार एकमुस्ट (मासिक वा त्रैमासिक वा पटक पटक पालिकाको बजेट अवस्था अनुसार)निकासका लागि सिफारिस गर्ने ।

(ङ)शिक्षण सिकाइ सुधारका लागि विद्यालय संग समन्वय गर्ने र छनौट तथा भर्ना भएका शिक्षकहरुको अभिलेख तयार गरि राख्ने ।

(च)शिक्षण सिकाई अनुदान व्यवस्थापन सम्बन्धमा भए गरेका कारबाहीको विषयमा नगर शिक्षा समितिलाई जानकारी गराउने ।

(छ)आवस्यक्ता अनुसार अन्य कार्यहरु गर्ने गराउने ।

८ विद्यालय व्यवस्थापन समितिको भूमिका : स्थानीय शिक्षण सिकाइ अनुदानका लागि विद्यालय छनौट तथा अनुदान(कोटा)वितरणमा विद्यालय व्यवस्थापन समितिको प्रमुख भूमिका देहाय बमोजिम हुनेछ :

(क)नगरपालिकाबाट /छनौट समितिबाट सिफारिस भएका वा प्राप्त अनुदान कोटाका शिक्षकलाई शिक्षण सेवा करारमा लिने ।

(ख)शिक्षकको काम कारबाहीको बारेमा समय –समयमा अनुगमन गर्ने तथा कार्यसम्पादन मुल्यांकन गर्ने ।

(ग)शिक्षण सिकाइ अनुदान व्यवस्थापन सम्बन्धमा भए गरेका काम कारबाहीको सम्बन्धमा शिक्षा युवा तथा खेलकुद शाखामा लेखि पठाउने ।

(घ)आवस्यकता अनुसार अन्य कार्य गर्ने गराउने ।

९ विद्यालयको भूमिका : स्थानीय शिक्षण सिकाइ अनुदानका लागि विद्यालय छनौट तथा अनुदान(कोटा)वितरणमा विद्यालयको प्रमुख भूमिका देहाय बमोजिम हुनेछ :

(क)यस कार्यविधि अनुसार शिक्षक नियुक्तिको व्यवस्था मिलाउने ,

(ख)छनौट भएका शिक्षकको करार सम्झौता गर्ने ,

(ग)करार सुविधामा उल्लेख भए अनुसारको सुबिधा उपलब्ध गराउने .

(घ)शिक्षा युवा तथा खेलकुद शाखाले दिएको निर्देसनानुसार गर्ने /गराउने ।

परिच्छेद –सात

विविध

१० कार्यक्रमको अनुगमन :कार्यक्रमको अनुगमन लम्कीचुहा नगरपालिका ,शिक्षा शाखाबाट गरिनेछ , विद्यालय अनुगमन भत्ता प्रतिदिन प्रति व्यक्ति रु १,०००/नगरपालिकाबाट प्रदान गरिनेछ ।

११ थप सुबिधा उपलब्ध गराउन सकिने :यस कार्यविधि अनुरुप भर्ना तथा छनौट भएका शिक्षकलाई विद्यालयले आफ्नै स्रोतबाट थप सुबिधा उपलब्ध गराउन सक्नेछ ।

१२ यस स्थानीय शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि २०८० ,र यस अघिको एकमुस्ट शिक्षण सिकाइ कार्यान्वयन कार्यविधि ,२०७७ मा समयानुसार अनुदान कोटा तथा अनुदान रकम थपघट गर्ने ,मिलान तथा व्यवस्थापन गर्ने अधिकार नगर शिक्षा समितिमा रहनेछ ।

१३ नगरपालिका अनुदान (शिक्षण सिकाइ अनुदान वा एकमुस्ट शिक्षण अनुदान)बाट सुबिधा पाउने गरि विद्यालयले नियुक्त गरेका शिक्षक कर्मचारीलाई शिक्षक विद्यार्थी अनुपातको आधारमा नगरपालिकाले निरन्तरता दिन सक्नेछ,आवस्यकता परेमा सर्त सहित १ जना कर्मचारी(मासिक न्युनतम रु १७,०००/) त्यस्ता विद्यालयमा थप गर्न सकिनेछ ।

१४ यो कार्यविधि जारि भएपछी संघीय सरकार र प्रदेश सरकारबाट शिक्षण सिकाइ सहयोग अनुदान कोटा वा यस्तै प्रकृतिका अनुदान कोटा प्राप्त भइ विद्यालय तहमा शिक्षक नियुक्त गर्नु परेमा यसै कार्यविधि बमोजिम गर्न सकिनेछ । र त्यस्ता शिक्षकहरूमा हकमा पनि यस कार्यविधिमा उल्लेख भएका कुरा लागु हुनेछन ।

१५ विद्यालय स्तरीय शिक्षक कर्मचारी छनौट समिति सम्बन्धमा :स्थानीय शिक्षण सिकाइ अनुदानमा पालिका स्तरमा एकै पटक बिज्ञापन गर्दा पालिका स्तरको छनौट समिति मार्फत शिक्षक छनौट गरिनेछ तर कुनै एक विद्यालयको मात्र छुट्टै वा छुटेको ,बिचमा कुनै कारणबस पदपूर्ति गर्नुपर्ने अवस्थामा पालिकाले अनुमति दिई विद्यालय स्तरको शिक्षक छनौट समितिबाट समेत पदपूर्ति गर्न बाधा पर्ने छैन तर त्यस्तो अवस्थामा पालिकाले विद्यालय स्तरीय छनौट समितिलाई उक्त छनौट गर्न पालिकाले पत्राचार गर्नेछ र त्यस्तो अवस्थामा पालिकाको छनौट समिति सरह सिफारिस गरेको मानिनेछ ।

१६ यस कार्यविधि बमोजिम नियुक्त शिक्षकले नियुक्ति भएको मिति देखि मात्र पारिश्रमिक सुबिधा पाउने छन् । ६ महिना नपुगी चाडपर्व वाफतको सुबिधा पाइने छैन ।

१७ कार्यविधिको व्याख्या गर्न सक्ने :यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाका सन्दर्भमा अस्पस्टता सिर्जना भएमा कार्यविधिको मर्म तथा प्रचलित कानुनको प्रतिकुल नहुने गरि आवस्यक व्याख्या गर्ने अधिकार नगर कार्यपालिकाको हुनेछ ।

१८ संसोधन :यस कार्यविधिलाई समयानुकुल परिवर्तन ,परिमार्जन वा संसोधन गर्नुपरेमा नगर कार्यपालिकाले गर्न सक्नेछ ।

१९ कुनै शिक्षक वा कर्मचारी लामो बिदामा बस्दा जस्तै प्रसुती बिदा विद्यालय व्यवस्थापन समितिले आवस्यक निर्णय गरि पठनपाठनको व्यवस्था मिलाउन सक्नेछ ।

२० समयानुसार पारिश्रमिकमा परिवर्तन भै रहनेहुनाले शिक्षा शाखाको सिफारिसमा नगर कार्यपालिकाले नगर अनुदान शिक्षक ,बाल बिकास सहजकर्ता ,विद्यालय कर्मचारीको पालिका अनुदान तर्फको पारिश्रमिक बृद्दी गर्न सक्नेछ ।

२१ यस कार्यविधि बमोजिम यस अघि नियुक्त नगर अनुदान (प्रा.बि.र नि.मा.बि.),अंग्रेजी ,गणित,बिज्ञान शिक्षण सिकाइ अनुदानमा नियुक्त ,बालविकास सहजकर्ता ,बिद्यालय कर्मचारी ,राहत अनुदानमा कार्यरत शिक्षक ,करार शिक्षक प्राबिधिक धारका प्रशिक्षक र सहायक.प्रशिक्षक,साबिक उ.मा.बि राहत र दरबन्दीमा कार्यरत लगायतले प्रत्येक बर्ष अनुसूची ०५ बमोजिमको कार्यसम्पादन मुल्यांकन फारम भरि शिक्षा शाखामा अनिवार्य पेश गर्नुपर्नेछ । उक्त कार्यसम्पादन मुल्यांकन फारमको बारेमा नगर शिक्षा समितिमा छलफल गरि शिक्षा समितिले आवस्यक मापदण्ड बनाई दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

२२ खारेजी र बचाउ :यो कार्यविधि जारि हुनुपूर्व (एकमुस्ट सिक्षण अनुदान कार्यन्वयन कार्यविधि ,२०७७)मा वितरण गरिएका अनुदान रकम र कोटा (समयानुसार थप र कुनै विद्यालयबाट कटौती समेत) र सो सम्बन्धमा हाल सम्म गरिएका निकासा व्यवस्था यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

तल्लीकुश नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरुवा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची १ शिक्षण सिकाइ अनुदान संख्या निर्धारण तथा प्राथमिकीकरणका आधार

क्र.स.	प्राथमिकीकरण सूचक	पूर्णाङक	प्राप्तांक	अंक दिने आधार	
०१	कक्षागत विद्यार्थी संख्या (३,५,८,९,र १०मध्ये कुनै तोक्ने)	१५		क)न्युनतम भए अंक	०५
				ख)१० %ले बढी भएमा अंक	१०
				ग)२० %भन्दा बढी भएमा अंक	१५
०२	विद्यालय व्यवस्थापन	१०		क)बि.व्य.स.गठन र परिचालन	०५
				ख)शि.अ.संघ गठन र परिचालन	०३
				ग)बाल क्लबको गठन तथा परिचालन	०२
०३	विद्यालयको वार्षिक शैक्षिक योजना	१०		क)वार्षिक कार्ययोजना निर्माण र कार्यान्वयन	०४
				ख)वार्षिक शैक्षणिक योजना निर्माण र कार्यान्वयन	०६
०४	विद्यालय सुधार योजना	१०		क)विद्यालय सुधार योजनाको निर्माण र वार्षिक अध्यावधिक	०५
				ख)विद्यालय सुधार योजनाको आधारमा वार्षिक विद्यालय कार्य योजनाको निर्माण र कार्यान्वयन	०५
०५	तहगत सिकाई उपलब्धि	१५		क)न्युनतम ६०% सम्म भए	१०
				ख)६०-७० %भए	१३
				ग)८० % भन्दा बढी भए	१५
०६	सुशासन र पारदर्शिता	१०		क)नियमित रुपमा सामाजिक परिक्षण गरि समयमै प्रतिबेदन बुझाएमा	०५
				ख)नियमित रुपमा तोकीएको ले.प.बाट अन्तिम लेखापरीक्षण गरि समयमै प्रतिबेदन बुझाएमा	०३
				ग)विद्यार्थी ,शिक्षक आचार संहिता निर्माण र प्रयोग	०२
०७	न्युनतम सिकाइ वातावरण	१०		क)अतिरिक्त क्रियाकलाप संचालन	०५
				ख)शैक्षिक सामाग्रीको उपलब्धता र प्रयोग	०३
				ग)लैंगिक मैत्री र वातावरणमैत्री वातावरण	०२
०८	विद्यालय विपद जोखिम न्यूनीकरण र व्यवस्थापन योजना	१०		क)विद्यालय विपद जोखिम न्यूनीकरण र व्यवस्थापन योजनाको निर्माण र प्रतिबेदन पेश गरेमा	१०
०९	आर्थिक अवस्था ,शुल्क व्यवस्था	१०		क)सामाजिक परिक्षण र लेखा परिक्षण प्रतिबेदनमा उल्लेख आर्थिक अवस्था ,विद्यार्थी संग शुल्क लिने अवस्था	१०
१०	जम्मा	१००		अक्षरमा प्राप्तांक जम्मा	१००

नोट :विद्यालयले यस अनुसूची बमोजिम मुल्यांकन गर्दा न्युनतम ५० %अंक प्राप्त गर्नु पर्नेछ ।

शिक्षा शाखा प्रमुख

हस्ताक्षर .....

प्रमुख प्रसासकिय अधिकृत

हस्ताक्षर .....

नगर शिक्षा समिति संयोजक

हस्ताक्षर .....

अनुसूची -२

विज्ञापनको ढाचा

विज्ञापन आह्वान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित सूचना २०...../...../....

लम्कीचुहा नगरपालिकाका सामुदायिक विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिले माग गरेका बिभिन्न तह र विषयमा खुला/आन्तरिक प्रतियोगिताको माध्यमबाट लम्कीचुहा स्थानीय शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि ,२०८० बमोजिम देहाय बमोजिमका पद/तह र संख्यामा सेवा गर्न इच्छुक व्यक्तिहरुलाई आबेदन आह्वान गरिएको छ । योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशन भएको १५ (पन्ध्र)दिनभित्र लम्किचुहा नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा (एकमुस्ट पालिकाको विज्ञापन गर्नुपर्दा)/विद्यालयमा (छुटफुट विज्ञापन गर्दा पालिकाको अनुमतिमा) कार्यालय समयमा तोकीएका सम्पूर्ण कागजात संलग्न राखी उम्मेदवार स्वयमले प्रमाणित गरि दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपशिल

क्र.स.	पद	तह	विषय	न्यनतम शैक्षिक योग्यता	आबेदन दस्तुर	विद्यालयको नाम (पालिकाबाट बिज्ञापन गर्दा)

१.आबेदन दिने स्थान :एकमुष्ठ बिज्ञापन गर्दा पालिका /अन्य अवस्थामा पालिकाको अनुमतिमा सम्बन्धित विद्यालय

२.आबेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :व्यक्तिगत विवरण ,शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि ,चारित्रिक प्रमाणपत्र ,नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,अध्यापन अनुमतिपत्रको प्रतिलिपि लगायत (सबै कागजातको पछाडी पट्टि उम्मेदवार स्वयंले हस्ताक्षर गरि प्रमाणित गर्नुपर्ने)

३.दरखास्त फारम :पालिका /सम्बन्धित विद्यालयबाट प्राप्त गर्न सकिने ,

४.उमेर :शिक्षा ऐन ,नियमावली र शिक्षक सेवा आयोग नियमावली अनुसार

५.पारिश्रमिक सुबिधा : लम्कीचुहा नगरपालिकाको स्थानीय शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि २०८० अनुसार,

६.छनौटको किसिम :लिखित परीक्षा,अन्तरवार्ता र आवस्यकता अनुसार प्रयोगात्मक ,

७.दरखास्त दिने अन्तिम मिति :२०.../.../..

पालिकाबाट बिज्ञापन गर्द

विद्यालयबाट विज्ञापन गर्दा

प्रधानाद्यापक

दस्तखत.....

प्रमुख प्रसासकिय अधिकृत .

नाम .....

दस्तखत .....

अनुसूची -३ शिक्षण करार सम्झौताको ढाचा

श्री .....विद्यालय तथा अनुदान शिक्षक श्री .....बीच भएको करारनामा

श्री .....विद्यालय लम्कीचुहा न.पा.....(यस पछी पहिलो पक्ष भनिएको).....

निवासी श्री .....(यस पछी दोस्रो पक्ष भनीएको)बीच देहायका शर्तहरुको अधिनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भई यो सम्झौता गरि एक /एक प्रति एक आपसमा बुझी लियौ दियौ ।

१.**जिम्मेवारी :**दोस्रो पक्षले पहिलो पक्षको आवस्यकता अनुसार खटाएको स्थान र समयमा अनुदान शिक्षकको रुपमा कार्यरत भई काम गर्नु पर्नेछ ।

२.**काम गर्नुपर्ने स्थान र समय :**सार्वजनिक बिदाको दिन बाहेक अन्य दिनहरुमा लम्कीचुहा नगरपालिका वडा न.....मा रहेको श्री .....विद्यालय.....कैलालीमा प्रधानाद्यापकको मातहतमा रही खटाइएको स्थानमा तोकीएको जिम्मेवारी निर्वाह गर्नुपर्नेछ ।

३.**सम्झौता अवधि :**करार सेवा अवधि मिति .....,गतेबाट लागु भई .....(१ आर्थिक वर्ष भन्दा बढी नहुने गरि)सम्म कायम रहनेछ । दोस्रो पक्षले शारीरिक वा मानसिक अवस्थाको कारण सेवा उपलब्ध गराउन असमर्थ भएमा वा कार्यसम्पादन सन्तोषजनक नभएमा वा पालन गर्नुपर्ने आचरणहरु पालना नगरेमा सम्झौता तुरुन्त रद्द गरिनेछ । यस्तो अवस्थामा सम्झौताको बुदा न.८ आकर्षित हुनेछैन ।

४.**पारिश्रमिक :**यस करारनामा बमोजिम सेवा प्रदान गरेबाफत कार्यालयबाट हाजिरी प्रमाणित भएपछी पहिलो पक्षले दोस्रो पक्षलाई प्राथमिक तहको /नि.मा.बि.तहको /मा.बि.तहको पारिश्रमिक रु .....(अक्षेरुपी .....)मासिक रुपमा (त्रैमासिक निकासा हुदा एकै पटक ३ महिनाको भुक्तानी हुने)प्रदान गर्नेछ । सम्झौतामा उल्लेख भएभन्दा बढी रकमको दावी दोस्रो पक्षले गर्न पाउने छैन ।

५.**आचरण :**दोस्रो पक्षले सेवा सम्बन्धि प्रचलित कानुनमा व्यवस्था भएका आचरण सम्बन्धि कुराहरु पालन गर्नुपर्नेछ । कानुन बमोजिम गोप्य राख्नुपर्ने गोप्य कुरा वा कागजात कुनै अनाधिकृत व्यक्ति वा सस्थालाई उपलब्ध गराएको प्रमाणित भएमा सेवाबाट हटाई क्षतिपुर्ति दोस्रो पक्षले पहिलो पक्षलाई दिनुपर्नेछ । दोस्रो पक्षले विद्यालयको छल अचल सम्पतिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानि नोक्सानीको बिगो पहिलो पक्षलाई दिनुपर्नेछ ।

६.**थप सेवा सुबिधा :**दोस्रो पक्षले मासिक रुपमा सार्वजनिक बिदाको दिन बाहेक रुजु हाजिरीको आधारमा वर्ष भरिमा लम्कीचुहा नगरपालिकाको स्थानीय शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि ,२०८० मा उल्लेखित बिदा पाउनेछ /यो कार्यविधिमा उल्लेख भए बमोजिमको भन्दा बढी बिदा लिएमा पारिश्रमिकबाट कट्टा गरिनेछ ।

७.**समझदारी :**प्रथम पक्ष र दोस्रो पक्ष बीच यस सम्झौता संग सम्बन्धित विषयमा विवाद उत्पन्न भएमा आपसी सहमतिद्वारा विवाद समाधान गरिनेछ ।

८.**सम्झौता भंग :**सम्झौता भंग गर्नुपरेमा पहिलो पक्षले कम्तिमा ७ दिन र दोस्रो पक्षले कम्तिमा १ महिना अगाडी लिखित रुपमा सूचना दिनुपर्नेछ । मिति २०८ ..../...../.....गते .....रोज शुभम

पहिलो पक्ष **दोस्रो पक्ष**

नाम:..... नाम :.....

हस्ताक्षर ..... विद्यालयको छाप हस्ताक्षर .....

अनुसूची ४

नियुक्तिको ढाचा (विद्यालयको लेटर प्याडमा)

प.स.....

च.न. मिति :.....

श्री .....

.....ठेगाना

विषय : करार नियुक्ति ।

तपाईंलाई यस विद्यालयको बिज्ञापन न.....आधारभूत तह (प्राथमिक तह ,निम्न माद्यमिक तह),माद्यमिक तह (कक्षा ९-१०) लम्कीचुहा नगरपालिकाको स्थानीय शिक्षण सिकाइ अनुदान करार शिक्षक पदको लागि शिक्षक छनौट समितिको मिति .....को सिफारिस र विद्यालय व्यवस्थापन समितिको मिति .....को निर्णयानुसार स्थानीय नगर अनुदानबाट पारिश्रमिक पाउने गरि अर्को व्यवस्था नभए सम्मको लागि देहायको पदमा नियुक्ति गरिएको छ । प्रधानाद्यापकको अधिनमा रही कार्यविवरणमा तोकीएको र आवस्यकतानुसार थप जिम्मेवारी समेत प्रभावकारी र नियमानुसार निर्वाह गर्नुहोला ।

शिक्षण सिकाई अनुदान करार शिक्षक पदका लागि सिफारिस भई नियुक्त हुनु भएकोमा हार्दिक बधाई छ ।

पद	अनुदान करार शिक्षक (स्थानीय श्रोत)
तह	आधारभूत (प्राथमिक /निम्न माद्यमिक)/माध्यमिक (कक्षा ९-१०)
विषय	.....
पारिश्रमिक	करार सम्झौतामा उल्लेख भए अनुसार ।
करार अवधि	आ.ब.....(मिति २०८ ../..../....देखि २०८.../...../.....गते सम्म)

हस्ताक्षर :.....

नाम :.....

पद :प्रधानाद्यापक

बोधार्थ :

श्री लम्कीचुहा नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखा भल्का ,कैलाली ।

अनुसूची ५

राहत ,करार,न.पा.अनुदान ,बालविकास ,विद्यालय कर्मचारी ,साबिक उ.मा.बि.,प्राबिधिक धारको कार्यसम्पादन मुल्यांकन फारम

क्र. स.	मुल्यांकनका आधारहरु	पूर्णाङ्क	अति उत्तम १०	उत्तम ६	सामान्य ४	न्यून २	प्राप्तांक	कैफियत
१	अद्यापन गरेको विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि	१०						५० % भन्दा कम =न्यून (२ अंक) ५०-५९ % =सामान्य (४ अंक) ६०-७४ % =उत्तम (६ अंक) ७५ %भन्दा माथि =अति उत्तम (१० अंक)
२	शिक्षण पेशा प्रति निष्ठा ,लगनसिलता र आचारसंहिताको पालना	१०						कुनै पनि सुचकमा सन्तुस्ट नभए =२ अंक कुनै १ सूचक भएमा सामान्य = ४ अंक कुनै २ सूचक भएमा उत्तम =६ अंक ३ वटै सूचक पुरा भएमा अति उत्तम =१० अंक
३	शिक्षण कार्यसँग सम्बन्धित अनुसन्धान प्रतिबेदन	१०						अनुसन्धान न्युन स्तरको =न्यून (२ अंक) अनुसन्धान सामान्य स्तर =सामान्य (४ अंक) अनुसन्धान उत्तम स्तरको =उत्तम (६ अंक) अनुसन्धान प्रयोग गर्न सकिने =अति उत्तम १०
४	विद्यालयको शैक्षिक गुणस्तर प्रति देखाउने तदारुकता ,उत्तरदायित्व बहन र जिम्मेवारी बोध							कुनै पनि सुचकमा सन्तुस्ट नभए =२ अंक कुनै १ सूचक भएमा सामान्य = ४ अंक कुनै २ सूचक भएमा उत्तम =६ अंक ३ वटै सूचक पुरा भएमा अति उत्तम =१० अंक
५	विषय बस्तुको ज्ञान , तोकीएको विद्यार्थी मुल्यांकन विधिको प्रयोग र अभिलेखीकरण							कुनै पनि सुचकमा सन्तुस्ट नभए =२ अंक कुनै १ सूचक भएमा सामान्य = ४ अंक कुनै २ सूचक भएमा उत्तम =६ अंक ३ वटै सूचक पुरा भएमा अति उत्तम =१० अंक
६	अध्यापन बिधि , शिक्षण मा आइ .टि.को प्रयोग ,अनुभव सहपाठी संग साटासाट							कुनै पनि सुचकमा सन्तुस्ट नभए =२ अंक कुनै १ सूचक भएमा सामान्य = ४ अंक कुनै २ सूचक भएमा उत्तम =६ अंक ३ वटै सूचक पुरा भएमा अति उत्तम =१० अंक
७	कक्षा व्यवस्थापन ,संचालन र स्थानीय शिक्षण सामग्री निर्माण र प्रयोग							कुनै पनि सुचकमा सन्तुस्ट नभए =२ अंक कुनै १ सूचक भएमा सामान्य = ४ अंक कुनै २ सूचक भएमा उत्तम =६ अंक ३ वटै सूचक पुरा भएमा अति उत्तम =१० अंक
८	शैक्षिक सामग्री संकलन ,पुस्तकालय प्रयोग ,इ पुस्तकालय प्रयोग र सो को अनुभव साटासाट							कुनै पनि सुचकमा सन्तुस्ट नभए =२ अंक कुनै १ सूचक भएमा सामान्य = ४ अंक कुनै २ सूचक भएमा उत्तम =६ अंक ३ वटै सूचक पुरा भएमा अति उत्तम =१० अंक
९	विशेस जिम्मेवारी बहन							
१०	अतिरिक्त क्रियाकलाप प्रतिसक्रियता,सहयोगीपन , संलग्नता ,कुनै नयाँ अनुभव र सकारात्मक अभ्यास सुरुवात							कुनै पनि सुचकमा सन्तुस्ट नभए =२ अंक कुनै १ सूचक भएमा सामान्य = ४ अंक कुनै २ सूचक भएमा उत्तम =६ अंक ३ वटै सूचक पुरा भएमा अति उत्तम =१० अंक
	जम्मा	१००						